हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** | **संख्याः ३** | **मितिः** २०७९/०५/०५

**भाग-२**

**हरिनगर गाउँपालिका**


## मर्मत संभार कोष संचालन कार्यविधि, २०७९

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०७९।०५।०५

**प्रस्तावनाः**

भौतिक पूर्वाधार विकासको आधार हो। सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिंचाई भवन जस्ता पूर्वाधारहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सर्वसुलभ यातायत, सिंचाईको पहुँच ग्रामीण क्षेत्रसम्म पुर्याउने गाउँपालिकाको लक्ष्य हो। गाउँपालिका क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडक, यातायत सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ। तसर्थ सडक, सिंचाई, भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत संभार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद–१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "मर्मत संभार कोष संचालन कार्यविधि, २०७९" रहनेछ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

क) "कार्यविधि" भन्नाले मर्मत संभार कोष संचालन कार्यविधि, २०७९ लाई बुझाउँनेछ।

ख) "गाउँपालिका" भन्नाले हरिनगर गाउँपालिकालाई बुझाउँनेछ।

ग) "स्थानीय तह" भन्नाले हरिनगर गाउँपालिकालाई बुझाउँनेछ।

घ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त आयोजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउनेछ।

### परिच्छेद–२

**३. व्यवस्थापन समितिः**

क) मर्मत संभार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संचालन गर्न देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३. वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५. पुर्वाधार विकास शाखा प्रमुख | सदस्य–सचिव |

ख) समितिको बैठक कम्तिमा ३ महिनामा १ पकट बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) बैठक भत्ता गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

घ) बैठकमा आवश्यक्ता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद– ३

**४. कोष स्थापनाः**

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. हरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) स्थानीय मर्मत कोषमा जम्मा हुने भनी प्राप्त भएका अन्य रकम ।

**५. कोष संचालनः**

क) कोषको नाममा प्राप्त हुन आएको रकम हरिनगर गाउँपालिकाको नाममा मर्मत संभार कोष खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ । सो शाखा नभएको अवस्थामा प्रचलित नियमानुसार आन्तरिक लेखा परिक्षण गरिनेछ ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद– ४

**६. कोषको खर्च प्रणालीः**

मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत संभार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछ ।

क) सडक, कल्भट, पूल, ढल आदिको मर्मत संभार सम्बन्धी कार्य,

ख) सिंचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संभार सम्बन्धी कार्य,

ग) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य,

घ) सार्वजनिक निकायका भौतिक संरचना एवं भवनहरुको मर्मत संभार सम्बन्धी कार्य,

ङ) नियमित, पटके र आकस्मिक मर्मतका लागि रु. ५ पाँच लाख सम्म अध्यक्षको आदेशबाट र सो भन्दा बढी रकमको मर्मत गर्नु परेमा दफा ३ बमोजिम गठित व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गरिनेछ ।

**७. मर्मत संभारको लागि छनौटको मापदण्ड:**
स्थानीय बासिन्दा, उपभोक्ता समिति, वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समिति समेतबाट नियमित, पटके वा आवधिक मर्मत संभारका लागि एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका आयोजनाहरु गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु,

ख) गाउँपालिका यातायात गुरुयोजना MTMP मा परेका सडकहरु,

ग) अति आवश्यक भौतिक संरचना तथा पूर्वाधारको महत्वपूर्ण संरचनाहरु,

घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा अधिकतम् जनसंख्या लाभान्भित हुने सडकहरु,

ङ) दुई वा दुई भन्दा बढी वडालाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भट, कुलो पैनी, बाँध आदि ।

**८. मर्मत संभार कार्य गराउने कार्यः**
गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार, आकस्मिक मर्मत संभार यस कार्यविधि बमोजिम हुनेका हकमा यस कार्यविधिमा लेखिए वमोजिम हुनेछ । अन्य मर्मत समंभारका हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

## परिच्छेद– ५

**९. संशोधन वा खारेजीः**
क) मर्मत संभार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

ग) हाल सम्म भए गरेका मर्मत संभार सम्वन्धी सबै कार्यहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

घ) यस कार्यविधिमा लेखिएका कुराहरु नेपाल सरकार वा प्रदेश सरकारबाट जारी भएका कानूनसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले,

**नाम:** तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत